लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ७, अंक ६ २०८२ भदौ १३ गते शुक्रबार (Friday 29 August 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।



जोमसोम मुस्ताङ,०६९-४४००८३,९८४७६२३१३६

# नौ सय एक जनालाइ पौने चार करोड बढी बितरण

अमृत बास्कुने




नेपाल रेडक्रस सोसाइटी समन्वय तथा आइरिस रेडक्रस सोसाइटीको सहयोगमा भएको जीविकोपार्जन प्रवर्द्धन परियोजना अन्तरगत म्याग्दीको रघुगंगा गाउँपालिकाको चार वडा वडाका नौ सय एक जनालाई झण्डै पौने चार करोड रूपैंया बितरण गरिएको छ ।

नेपाल रेडक्रस सोसाइती म्याग्दी शाखा तथा नेपाल रेडक्र सोसाइटी तथा आइरिस रेडक्रस सोसाइटीको आर्थिक सहयोगमा भएको उक्त कार्यक्रममा रघुगंगा गाउँपालिका २ का दुई सय ५८ जना, ३ वडाका दुई सय ४८ जना, ५ वडाका एक सय ५३ जना र ६ नम्बर वडाका दुई सय ४१ जना गरी कुल नौ सय एक जनालाई आर्थिक सहायता गरिएको हो । बिहीबार बेनीमा सामुदायिक विकास विभाग, सामुदायिक जिविकोपार्जन प्रवर्द्धन परियोजना, बहिर्गमन तथा हस्तान्तरण कार्यशालाको आयोजना गरी नेपाल रेडक्रस सोसाइटी म्याग्दीले नेपाल रेडक्रस तथा आइरिस रेडक्रसलाई बिदाई गरेका थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिका निर्देशक पुजा कोइरालाले सामाजिक तथा सामुदायिक विकास विभागको बारेमा जानकारी गराउँदै कार्यक्रमको बारेमा पनि विस्तृत जानकारी दिनु भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी म्याग्दीका कार्यक्रम अधिकृत देवनारायण पौडेलले रघुगंगा गाउँपालिकाको चार वटा वडामा सञ्चालन भएको कार्यक्रमको बारेमा जानकारी गराउनु भएको थियो । उहाँका अनुसार २०२३ जुलाई देखि शुरू भएको परियोजना २०२५ को अगष्टमा सकिएको र बिदाई गरीएको हो । उक्त अवधिमा ९०१ जनालाई तीन करोड ७२ लाख रूपैंया नगद प्रदान गरिएको थियो ।

त्यसैगरी सोही कार्यक्रम अन्तरगत गाउँपलिकासँगको सहकार्यमा ४ पटक पशु जाँच शिबिर आयोजना गरि औषधी वितरण थियो । उक्त शिविरबाट तीन सय घरधुरीका आठ हजार पशुहरूलाई सेवा प्रदान गरिएको थियो । उक्त शिविरमा पशुहरूमा मुख्य रूपमा पिपिआर, जुका, किर्ना, रानीखेत, सिआरडी, परजिविहरू, खोरेत लागयतका समस्याहरू पहिचान भएको थियो ।

गाउँपालिकाले छनौट गरेका मध्ये किबि खेती गर्ने ८५ जना मध्ये ६७ जनाले ५५ हजारका दरले र १७ जनाले २० हजार दरले नगद प्राप्त गरेका थिए । त्यस्तै सुन्तला खेती गर्ने २ सय १२ जनाले प्रतिव्यक्ति ३० वटा विरूवा र नगद २० हजार तथा सुन्तला खेतीका लागि काँटछाँट र गोडमेलका लागि आवश्यक पर्ने सामग्री प्राप्त गरेका थिए । गाउँपालिकाका चार वडा वडा भित्रका लक्षित वर्गका ५ सय ७७ जनाले स्प्रे र हजारी पाएको नेपाल रेडक्र सोसाइटी म्याग्दीका कार्यक्रम अधिकृत पौडेलले बताउनुभयो । उहाँका अनुसार कागती खेती गर्ने ३१ जनाले ४० बिरूवा ३० हजार नगद प्राप्त गरे । त्यसैगरी ओखर खेती गर्ने ३५ जनाले १५ विरूवा २० हजार नगद, टिमुर खेती गर्ने ४० जनाले २० हजारका दरले नगद, सतुवाको खेती गर्ने १० जनाले २० हजारका दरले पाएका छन् । त्यसैगरी बेसारको खेती गर्ने ६० जनाले २० हजार, अदुवा खेती ३१ जनाले २० हजार, केरा ३५ जनाले २० हजारका दरले नगद प्राप्त गरेका थिए । त्यस्तै तरकारी खेती गर्ने टनेलका लागि १० जनाले ६५ हजारका दरले र १७ जनाले २० हजारका दरले नगद पाएको पौडेलको भनाई छ । गाउँपालिकाको २, ३ र ५ र ६ नम्बर वडाका लाभग्राहीहरू मध्ये आरनको काम गर्ने ९ जनाले २० हजारका दरले नगद दिइदै गर्दा भैसी र बाख्रा पालन गर्ने एक सय ८८ जनाले ३० हजारका दरले प्राप्त गरे । त्यसैगरी कुखुरा पालन गर्ने ८१ जनाले २० हजारका दरले र माहुरी पालन गर्ने ९० जनाले २ वटा घार सहितको माहुरी र नगद ५ हजार पाएको कार्यक्रम अधिकृत पौडेलको भनाई छ । होमस्टे व्यवसाय गर्ने २१ जनाले ४० हजारका दरले नगद प्राप्त गर्देगर्दा बाँसको चोयाको काम गर्ने २४ जनाले २० हजारका दरले नगद पाएको र टेलरीङका १४ जनाले ४० हजारका दरले पाएका छन् ।

परियोजना अन्तरगत जलवायु अनुकुलन कृषि, पशुपालन, साना व्यवसाय/जीविकोपार्जन सहयोग, सिप मुलक व्यवसायिक तालिम, अपाङ्गता भएका व्यक्तिलाई सहयोग/सहयोगी सामग्री, वडा स्तरीय जलवायु अनुकुलन योजना निर्माण गरिएको थियो । त्यस्तै समुदाय स्तरीय जलवायु अभिमुखीकरण, सामुदायिक सरसफाई र गोरेटो बाटो स्तरोन्नती लगायतका काम भएको नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखाका सभापति अमरबहादुर बानियाँले बताउनुभयो । कार्यक्रम अन्तरगत संकटासन्न, गरिब घरधुरी, एकल महिला, अपाङ्गता भएका व्यक्ति र बेराजगार युवाहरूलाई समेटिएको थियो ।

लक्षित वर्गको पहिचानका लागि निश्चित मापदण्ड अपनाएर गरिएको हुनाले पनि यो कार्यक्रम सही स्थानमा परेको र पाउनै पर्नेले नै पाएको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीको भनाई थियो । रेडक्रसको मापदण्ड अनुरूप नै वडा, पालिकासँग समन्वय, समुदाय भेला, अभिमुखकिरण गरी लाभान्वित छनौटका आधारमा घरधुरी तथा लाभान्वित छनौट गरिएको थियो । त्यसैगरी विषयगत समुह गठन, माटो परीक्षण, विषयगत समुहलाइ तालिम तथा व्यवसायिक योजना एवम् सम्बन्धित विषयमा, जिल्ला कृषि ज्ञान केन्द्र, जिल्ला वन कार्यालय, पालिका, वडा कृषि शाखाबाट तालिम समेत प्रदान गरिएको थियो । आवश्यकताका आधारमा विरूवा तथा बेर्ना वितरण, नगद सहयोग, अनुगमन, गोरेटो वाटो निर्माण र फोहोरमैला संकलन खाडल निर्माण गरिएको थियो ।

त्यस्तै सिलाई कटाइ तालिम तथा सहयोग, आरनका लागि सहयोग, बाँस तथा निगालोबाट सामग्री बनाउने तालिम तथा नगद सहयोग गरिएको थियो । कुनै पनि स्थानमा लाभान्वित

बाँकी पाँचौं पृष्ठमा

मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र
बालमन्दिर चोक, बेनी बजार म्याग्दी
प्रो. केशव पौडेल, सम्पर्क नम्बर:-9857628723




हामीकहाँ :-
मिनिटेलर, राइस मिल, चेन्स मेसिन, घ्याप कटर इन्डियन टनेल, नेपाली टनेल, स्प्रे ट्याङक, थोपा सिंचाई मोटरहरू बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

सम्पादकीय


# न्यायको अनुभुती

पछिल्लो एक वर्ष देखि म्याग्दी क्षेत्रमा चर्चामा रहेको संस्था हो बेनी नगरपालिका ८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड । उक्त सहकारी संस्थाका सञ्चालकहरु अब भने जिल्ला अदालत म्याग्दीको अन्तिम फैसला आउने समय सम्मै पुर्पक्षका लागि कारागारमा बस्न पर्ने भएको छ । सहकारी ठगी सम्बन्धी मुद्दामा पुर्पक्षका लागि म्याग्दी जिल्ला कारागारमा रहेका सहकारीका पूर्व उपाध्यक्ष बेनी नगरपालिका १ का राजकुमार थापालगायतले सर्वोच्च अदालतमा दिएको बन्दी प्रत्यक्षीकरण सम्बन्धी रिट सर्वोच्च अदालतले खारेज गरीदिए सँगै अब अन्तिम फैसला सम्म कारागार भित्रै बस्नु पर्ने भएको छ । म्याग्दी अदालतको आदेश विरुद्ध उच्च अदालत पोखराको बागलुङ इजालसमा जाँदा जिल्लाकै आदेश सदर भएपछि बन्दि प्रत्यक्षीकरण रिट हालेकोमा उक्त रिट पनि खारेज भए सँगै अब भने अन्तिम किनारा नलाग्दा सम्म बस्नु पर्ने भएको हो । जिल्ला र उच्चको आदेश विरुद्ध २०८२ असार २ गते सर्वोच्च अदालतमा वन्दीप्रत्यक्षीकरण रिट दायर भएकोमा भदौ ३ गते रिट खारेज भयो ।

सहकारी रजिष्ट्रार कार्यालय पोखराको पत्र अनुसार गत २०८१ माघ २० गते बेनी नगरपालिका १ का राजकुमार थापा समेत पाँच जनालाई गिरफ्तार गरेको प्रहरीले फागुन ७ गते थप १ जनालाई गिरफ्तार गरेको थियो । सहकारीका बचतकर्ताहरु ६३६ जनाले प्रहरीमा उजुरी दिएका थिए । कुल एक अर्ब १३ करोड ३३ लाख ९९ हजार ३० रुपियाँ विगो दावी गर्दै सरकारी वकिल कार्यालय म्याग्दीले गत २०८१ फागुन १५ गते जिल्ला अदालत म्याग्दीमा २५ जनालाई विपक्षी बनाएर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम अभियोग पत्र दर्ता गरेको थियो । फरार १९ जना जनालाई पक्राउ पुर्जी जारी गरी पक्राउ भई आएमा वा म्याद नाघेपछि नियम अनुसार पेश गर्न आदालतले आदेश दिएको थियो । जिल्ला सरकारी वकिल कार्यालय म्याग्दीले जिल्ला अदालत म्याग्दीमा दर्ता गरेको अभियोजन अनुसार संस्थाका पूर्व सचिव तथा वर्तमान अध्यक्ष यामबहादुर रोका, पूर्व उपाध्यक्ष डकमायाँ पाइजा, पूर्व सहसचिव बालकुमार रोका, पूर्व सदस्य नरबहादुर थापा मगर, गंगाप्रसाद पुन फरार रहको उल्लेख छ । त्यसैगरी पूर्व सदस्य विष्णुकुमारी गुरुङ, लेखा समितिका पूर्व सयोजका भोजबहादुर थापा मगर, पूर्व सदस्य भुलमायाँ तिलिजा, दिलबहादुर थपा, सविता पुन, डिलकुमारी पुर्जा, डिलबहादुर पुन, गनमती शेरपुजा, सिरमती पाइजा, सुर्यलाल पुर्जा मगर, गेमबहादुर घर्ती मगर, दुधकुमारी शेरबुजा, जमुना पुन पुर्जा र नरबहादुर गर्बुजा पुनलाई फरार भन्दै सहकारी ठगी सम्बन्धी कसुरमा अभियोजन गरेको थियो ।

बेनी नगरपालिका ८ मा रहेको कुमारी सहकारीका अध्यक्ष तथा मंगला गाउँपालिका ३ का निर्वाचित वडा अध्यक्ष यामबहादुर रोकालाई प्रहरीले २०८१ माघ २० गते देखि खोजी गरी रहेको भए पनि भेट्न नसकेको भन्ने देखिन्छ । तर उहाँले मंगला गाउँपालिका वडा नं. ३ को लेटर हेडमा वडा सदस्यलाई कार्यवाहक दिएर गत असार सम्म गाउपालिका, जिल्ला प्रशासन कार्यालय म्याग्दी र मालपोत कार्यालय म्याग्दीलाई पटकपटक पत्राचार गर्ने गरेको तथ्यहरुले देखाउछ । माघ २० गते ५ जना पक्राउ र त्यस पछि फागुन १५ गते जिल्ला अदालतमा अभियोजन दर्ता २१ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएपछि २५ गते अन्य १९ जना बिरुद्ध पक्राउ पुर्जी जारी भये । चैत ४ गते यामबहादुर रोकाको घरमा पुर्जी टाँसीएकोले उनी सबैलाई जानकारी भएकै फरार अभियुक्त हुन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीका डिएसपी सूर्यबहादुर थापाले प्रहरीले खोजी गरी रहेको भए पनि १९ जना नै फेला पार्न नसकेको बताउनुभयो । म्याग्दी जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । २०८१ फागुन १८ गते आइतबार देखि शुरु भएको बयान तथा २२ गते बुधबार सम्म भएको थुनछेक बहसपछि कुमारी सहकारीका पूर्व उपाध्यक्ष थापा, पूर्वअध्यक्ष मनप्रसाद थजाली, पूर्वप्रबन्धक रूद्र गुरुङ, सञ्चालक समितिका सचिव देवी थापा र लेखा समितिका पूर्वसदस्य लोकेस भन्ने लोकबहादुर पुनलाई पुर्पपक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

# स्याउ फल टिपाई तथा बजार ब्यवस्थापन





पद्मनाथ आत्रेय

स्याउको फल टिपाई

स्याउ फल टिप्ने अवस्था टिपे पश्चात् यसको उद्देश्य के हो त्यसमा निर्भर गर्दछ । यदि टिपेपछि तुरून्तै उपयोगमा ल्याउनु छ भने फल पाकेपछि मात्र टिप्नु पर्दछ । तर यदि फललाई भण्डारण गर्नु छ भने पाक्नु भन्दा केही दिन अगाडी नै टिप्नु पर्दछ । धेरै काँचो र धेरै पाकेको फल टिप्नु हुँदैन । धेरै पाकेपछि मात्र फल टिप्दा चाँडै सड्ने हुन्छ भने धेरै काँचो फल टिपेमा फल चाउरिने र स्वाद नहुने हुन्छ । फल टिप्दा फल टिप्ने झोलाको प्रयोग गर्नु पर्दछ । भेट्नो सहितको स्याउ फल टिप्दा फल हातको पञ्जा भित्र पारी समातेर फललाई माथितिर धकेलेर छिटो घुमाउनु पर्छ जसले गर्दा फलको भेट्नो सहित आउँछ । भेट्नो नहुने गरेर फल टिप्नु हुँदैन । तर भेट्नोलाई भने फल टिप्ने कैंचीको सहायताले फलको सतह भन्दा होचो हुनेगरी काट्नु पर्दछ । भेट्नो नभएको फल भण्डारणमा चाँडै कुहिन्छ । भेट्नो काट्दा फलको सतह भन्दा माथि भयो भने फल थुपार्दा वा तौल गर्दा एक





अर्कामा चोटपटक लागि फल छिटै कुहिन्छ ।

स्याउको फल टिप्ने अवस्था

कुनै पनि स्याउ बगैंचाधनीका मुख्य उद्देश्य भनेको आर्फले उत्पादन गरेको स्याउबाट राम्रो नाफा आर्जन गर्नु हो । यसको लागि गुणस्तरीय स्याउ उत्पादन गर्नु पर्दछ र उत्पादित स्याउलाई सही परिपक्व अवस्थामा टिप्नु पर्दछ । स्याउ परिपक्व नहुँदै टिपेमा स्याउ राम्ररी पाक्दैन फलस्वरूप स्याउको गुणस्तर पनि राम्रो हुँदैन । स्याउ बढी परिपक्व भई टिपेमा स्याउको भण्डारण राम्रो हुँदैन । यसैले उत्पादित स्याउको सही परिपक्व अवस्था जाँच गरेर मात्र टिप्नु पर्दछ ।

स्याउ फलको सुरक्षित टिपाई

- स्याउको सुरक्षित टिपाई गर्न फललाई हत्केलामा राखी हल्का किसिमले माथितिर उठाई टिप्ने वा हल्कासँग दायाँ तिर घुमाउएर टिप्ने र फल टिप्ने कैंचीले भेट्नोलाई सतहसम्म टम्म मिल्ने गरी छोट्याइ एक एक फल बाँकी पाँचौं पृष्ठमा

# आन्तरीक प्रतिस्पर्धाको लागि बिकल्प हुन सक्छिन् विद्या

अमृत बास्कुने




सत्ताको नेतृत्व गरी रहेको नेपाल कम्युनिष्ट पार्टी एमालेमा पछिल्लो समय आएको एउटा विवाद तथा बहसको विषय बनेको छ विद्यादेवी भण्डारीको राजनीतिक सक्रियता । दुई वर्ष पहिला एमालेका अध्यक्ष केपी शर्मा ओलीले ऋषि धमलाको टेलिभिजनमा अन्तर्वाताका क्रममा विद्यादेवी भण्डारी जुन सुकै राजनीतिक दलमा पनि पुग्न सक्ने र अध्यक्ष नै हुन पनि सक्छीन् भनेर अभिव्यक्ति दिएको भए पनि अहिले आएर त्यो बोली फेरिएको छ । विभिन्न स्थानमा प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मन्तब्यका क्रममा विद्यादेवी भण्डारीको राजनैतिक सक्रियताका विषयमा खरो विरोध गर्नेगर्नुभएको छ । भने पार्टी सदस्यता नविकरणका लागि कर्मचारीलाई झुक्याएर पैसा बुझाउँदैनमा नविकरण नहुने भन्दै तल्लो तह देखि नै आउन पर्ने भन्दै अभिव्यक्ति दिएको अवस्थाले केही संसय भने उत्पन्न गरेको पक्कै हो । पछिल्लो केही समय देखि नेकपा एमालेको नेतृत्वमा केपी शर्मा ओली पुगेपछि उहाँको प्रतिस्पर्धामा उत्रने आँट कसैले गर्नु नै हुदैन भन्ने सम्मको भास्य सृजना गरीएको यथार्थ हो कि भन्ने आधार अहिले विद्यादेवी भण्डारीको आगमनलाई रोक्ने प्रयासले गरेको मान्न सकिन्छ । एमालेको महाधिवेशनमा अध्यक्षमा उम्मेदवारी दिएर पराजित भए पछि विभिन्न प्रकारका अभिव्यक्ति दिनु भिम रावलको एउटा सोच हो भने र उनले अध्यक्षमा उम्मेदवारी दिने आँट गर्नु पनि उनले गरेको एउटा प्रयास पनि थियो । तर उनले लामो समय कम्युनिष्ट स्कुलीङबाट आएको भन्दै पनि गर्ने तर पराजित भए पछि आक्षेप र आरोप लगाउने तथा कम्युनिष्ट नैतिकताभित्र नआडिनु कमजोरी पक्कै हो । तर अहिले राष्ट्रपतिको कार्याकाल सकिए पछि लामो समय विताइ सकेपछि पूर्व विशिष्टको रुपमा बस्नु भन्दा विद्यादेवी भण्डारीले आफ्नै राजनैतिक रुपमा सक्रिय हुने भनेर घोषणा गरेर अगाडी आउँदा कसैले पनि त्रासमा बस्नु पर्ने र तर्सिनु पर्ने अवस्था थिएन होला पनि । त्यसलाई एक प्रकारको खतरनाक चित्रका रूपमा ब्याख्या गरेर अनि बाहिर आउनै नदिने भनेर लागिएको हो या के जे होस त्यसले बेफाइदा भन्दा धेरै फाइदा नै गर्नसक्ने आधारहरू धेरै हुन सक्लान् ।

विद्यादेवी भण्डारीको अनुभव र जनसम्पर्कका हिसाबले पनि सक्रिय नेतृत्व गर्न सक्ने अनुभवी नेताका रूपमा रहन सक्ने व्यक्ति हो । उहाँ पूर्वराष्ट्रपति र पूर्वरक्षा मन्त्रीसमेत हुनुभएकी अनुभवी नेतृ हुनुहुन्छ । यसले पनि के देखाउँछ भने दुवै पद जिम्मेवारीका हिसाबले निकै महत्वपूर्ण पद थिए । लामो राजनीतिक यात्राले गर्दा उहाँसँग संगठन, नेतृत्व र जनसम्पर्कको लामो तथा गहिरो अनुभव पनि त छ । अहिलेको अवस्थामा महिला नेतृत्वमा करिब खडेरीकै अवस्थामा पुगेको छ । कतिपय जनप्रतिनिधिहरुमा तोकीएकै महिला पद पनि गठबन्धनका नाउमा महिलाबाट खोसीएको वर्तमान अवस्थामा महिला नेतृत्वको सशक्त प्रतिनिधित्व हुन सक्ने विद्यादेवी भण्डारीलाई रोक्नु कमजोरी हुन पनि सक्छ । हाल सम्मको अवस्था हेर्ने हो भने नेपाली राजनीतिमा अझै पनि महिला नेतृत्व सीमित मात्रै छ । संविधानले नै व्यवस्था गरेको स्थानीय तहमा हुने प्रमुख र उपप्रमुख पदमा फरक लिङ्गको व्यवस्थालाई फरक दलबाट भन्दै महिलाको सहभागिता शुन्य पार्ने काम पनि भएको छ । यस्तो अवस्थामा भण्डारीको पुनः प्रवेशले महिला सहभागितालाई थप ऊर्जा दिन सक्ने तर्फ पनि ध्यान दिनु जरुरी छ । विशेष गरी युवती र महिला राजनीतिज्ञका लागि प्रेरणादायी प्रयोग मात्रै नभएर यथार्थमै कर्मथलोमा नै हुने उपस्थितिले यसलाई सकारात्मक प्रयोग र महिला सहभागिता बढाउनका लागि महत्वर्पूण भूमिका खेल्न सक्ने यो सम्भावनालाई गहिरो तबरले बिचार गरिनु पर्छ ।

हालको अवस्था हेर्दा नेपालको राजनीतिक अवस्था अस्थीतर प्रकृतिको देखिन्छ । नेतृत्वमा मजबुती नभए सम्म स्थायित्वको सम्भावना कमै हुने हुनाले पनि विद्यादेवी भण्डारीको सम्बन्ध र पहुँचले अस्थिर राजनीतिक परिस्थितिमा स्थिर नेतृत्वको विकल्प दिन सक्ने तर्फ पनि सोच्न सकिन्छ । साथै अहिले नेकपा एमाले भित्र आन्तरिक पार्टी सन्तुलन आवश्यक रहेको अवस्था छ । त्यसका लागि पनि विशेष गरी नेकपा एमाले भित्र उनी फर्किएमा विभिन्न सर्महबीचको सन्तुलन कायम गर्न मद्दत गर्न सक्ने देखिन्छ । अहिलेको अवस्था हेर्ने हो भने नेकपा एमाले भित्र कोही कसैले फरक मत राखेको खण्डमा उसले पार्टीबाटै बाहिरीनु पर्ने वा अवसरहरूबाट बञ्चित हुनु पर्ने अवस्था छ । अहिलेकै अवस्था हेर्ने हो भने पनि विद्यादेवी भण्डारीलाई हारेकाहरूको झुण्ड लिएर हिडेको आरोप पार्टी अध्यक्षले लगाउने गर्नुभएको छ । दुई वर्ष अगाडी राष्ट्रपति पद सकियो खाली भएको मान्छे जुन सुकै ठाउँमा जुन सुकै पदमा पुग्न सक्ने भनेर अन्तरवार्तामा बोलेका कुराहरु अहिले भने केही गर्ने पाइदैन भन्ने सम्मको अवस्थामा पुग्नु आफैमा एक प्रकारको डर अनि त्रासको कारण हो कि भन्नेहरूको जमात पनि बढ्ने देखिन्छ ।

फरक तरीकाले पनि सोच्न सकिन्छ किन भने यदी पुरानै अनुहारहरू फर्केर राजनीतिमा आउने हो भने नयाँ पुस्तालाई अवसर नदिने सम्भावना पनि रहन सक्छ । तर एमाले अध्यक्ष केपी ओलीले आफ्नो बाहेक अर्को विकल्पै छैन र अर्को उठ्ने हुँदैन भन्ने सन्दर्भमा विद्याको चुनौती कडा ठानेर उनलाई रोक्न खोजेको भन्ने तर्फ अर्थ्याउनेहरू पनि छन् । साथै उनको पुनरागमनले युवा र नयाँ नेतृत्वलाई अघि बढ्न अवरोध पुऱ्याउन सक्ने तथा नेपाली राजनीतिमा नेतृत्वको पुस्तान्तरण आवश्यक छ भन्ने बहसलाई कमजोर बनाउन पनि सक्छ।

विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किए विशेष गरी वामपन्थी दलहरुको शक्ति सन्तुलनमा राजनीतिक ध्रुवीकरण अझ गहिरो हुनसक्छ । नेपालको परीप्रेक्षमा निष्पक्ष छविको रूपमा हेरीने राष्ट्रपतिका रुपमा तटस्थ रहनुपर्ने पदमा पार्टीको पक्षपाती भूमिका खेल्यो भन्ने आरोप पनि नलाग्ला भन्न सकिदैन । तर राजनैतिक दलबबाटै प्रतिनिधित्व गरेर राष्ट्रपतिको उम्मेदवार हुने र निर्वाचित जनप्रतिनिधिले मतदान गरेर बन्ने पदलाई गैरराजनैतिक भन्न सकिदैन । त्यस्तै तोकीएको समय सम्म राजनैतिक रुपमा नभएर सर्वोच्च पद भए पनि त्यो कार्यकाल सकिए पछि संवैधानिक रुपमा रहेको नागरिक नै हो । अनि नागरिकको राजनैतिक अधिकार प्रयोग गर्ने अधिकारलाई कसैले पनि कुण्ठित गर्ने भन्ने पनि त हुँदैन नि ।



अहिलेको अवस्था हेर्ने हो भने पनि अबको डेढ वर्ष पछिबाट तीनै तहको निर्वाचन हुने छ । त्यसको पूर्वसन्ध्यामा विद्यादेवी भण्डारीको पुनः सक्रिय राजनीतिमा प्रवेशलाई सकारात्मक रुपमा हेर्न सकिन्छ । उहाँको अनुभव, महिला नेतृत्वको प्रतिनिधित्व र स्थायित्वको सम्भावना पनि यहाँ रहन्छ । तर, विरोध गर्नेहरुले उहाँलाई बिबादमा ल्याउने तथा नयाँ पुस्तालाई रोक्ने सम्भावना र ध्रुवीकरणको खतरा देख्छन् । ध्रुविकरणको खतरा बढी मात्रामा त एमाले अध्यक्ष ओलीले नै देखेको अवस्था पनि त हो । अहिलेको अवस्था हेर्दा एमालेको विधानमा भएको ७० वर्षे उमेर हदलाई निलम्बन गर्दै केपी ओली बाहेक अर्को व्यक्ती एमलेको अध्यक्ष हुनै सक्दैन कि भन्ने खालको विधानै बनाउने हो कि भन्ने पनि छ । तर विद्यादेवी भण्डारीको सुधारिएको दृष्टिकोण, समावेशी नीति र राष्ट्रिय एकतालाई प्राथमिकता दिएर पार्टीको काममा फर्कने चाहनाको भने

बाँकी पाँचौं पृष्ठमा

## आन्तरीक ......

सम्मान गर्नु पर्छ ।

नेपालको राजनीतिक इतिहासमा विद्यादेवी भण्डारी एक महत्वर्पर्ण नाम हो । तत्कालीन नेकपा (एमाले) बाट आफ्नो राजनीतिक यात्रा सुरू गरेकी भण्डारी लामो समयसम्म नेपाली राजनीतिमा प्रभावशाली महिला नेतृका रुपमा सक्रिय रहँदै आउनुभयो । २०७२ सालमा नेपालको पहिलो महिला राष्ट्रपतिको रुपमा निर्वाचित हुनुभएको र दोस्रो कार्यकालसम्म निरन्तर राष्ट्रपतिको पदमा उहाँ रहनु भयो । तर अहिले, राष्ट्रपतिको कार्यकाल र्परा गरेर पुनः सामान्य नागरिकको र्भमिकामा फर्किनु भएको छ । यस्तो अवस्थामा उहाँको राजनीतिक अधिकारलाई सम्मान गर्नु, संविधानले प्रदान गरेका अधिकारबाट वञ्चित नगर्नु लोकतन्त्रको आधारर्भत आवश्यकता हो।

हालको अवस्था भनेको नागरिकको रुपमा नै हो सामान्य विद्यादेवी भण्डारी । राष्ट्रपतिका रुपमा उच्च संवैधानिक पदमा रहेकी विद्यादेवी भण्डारी अहिले सामान्य नागरिक हो । नेपालको संविधानको धारा २६ र धारा ३८ मा स्पष्ट रुपमा उल्लेख गरिएको छ कि सबै नागरिकलाई राजनीतिक अधिकार समान रुपमा प्राप्त हुन्छ। यस अनुसारः कुनै पनि व्यक्ति चाहे उनी र्पवराष्ट्रपति, र्पवप्रधानमन्त्री, मन्त्री वा सामान्य नागरिक किन नहोस्, राजनीतिक क्रियाकलापमा संलग्न हुने अधिकारबाट वञ्चित गरिन सक्दैन। अभिव्यक्ति स्वतन्त्रता, संगठनमा आवद्ध हुने स्वतन्त्रता र राजनीतिक दलमा प्रवेश वा समर्थन गर्ने स्वतन्त्रता संविधानले नै सुनिश्चित गरेको छ। त्यसैले, विद्यादेवी भण्डारीले चाहेको खण्डमा पुनः सक्रिय राजनीतिमा फर्कन, नयाँ राजनीतिक विचार राख्न वा कुनै दलसँग आवद्ध हुन र्पण स्वतन्त्रता पाउनु नै लोकतान्त्रिक अभ्यास हो।

संविधानको स्पष्ट व्यवस्था गरेको प्रसंगलाई कसैले पनि रोक्न र छेक्नु भनेको संविधानकै उलंघन तथा नागरिकको अधिकारको पनि हनन् हो । नेपालको संविधान २०७२ को धारा १७ (मौलिक अधिकार) ले प्रत्येक नेपाली नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता, संघ, संगठन वा पार्टी स्थापना र आवद्ध हुने अधिकार, राजनीतिक सहभागिता र प्रतिस्पर्धा गर्ने अधिकारको



सुनिश्चितता गरेको छ । त्यसैले, विद्यादेवी भण्डारीले राष्ट्रपतिको पद छोडेपछि पनि यी सबै अधिकारहरु यथावत छन् । संविधानको धारा ६६ अनुसार पदधारणरत राष्ट्रपतिको राजनीतिक क्रियाकलापमा निश्चित मर्यादा र प्रतिबन्ध भए पनि पदावधि समाप्त भएपछि ती सबै प्रतिबन्ध स्वतः समाप्त हुन्छन् । यदि कसैले विद्यादेवी भण्डारीलाई दलगत राजनीति गर्न रोक्ने वा जनतासँग राजनीतिक सम्पर्क राख्न निषेध गर्ने प्रयास गर्छ भने त्यो संविधान र कानुन दुवैको उल्लंघन हुनेछ ।

लोकतान्त्रिक समाजमा राजनीतिक अधिकारको महत्व हुन्छ । यसले सबैको अधिकार मात्रै नभएर जातीगत तथा सांस्कृतिक तथा मानविय अधिकारहरुको पनि मुल्य र मान्यतालाई महत्व दिएको छ । लोकतन्त्रको सार नै समान अधिकार र समान अवसर हो। कुनै व्यक्तिले र्पवमा कुन पदमा कार्य गरेको थियो भन्ने आधारमा उसको राजनीतिक स्वतन्त्रता सीमित गर्न कसैले पनि सक्दैन र मिल्दैन पनि ।

विद्यादेवी भण्डारीलाई सामान्य नागरिक बनेपछि पनि राजनीतिक अधिकार खोस्ने प्रयास गर्नु भनेको लोकतन्त्रको र्मल र्मल्यको अपमान हो । संविधानविरुद्धको गतिविधि हो, र सामाजिक रुपमा विभाजन र असमानताको संस्कारलाई बल पुर्‍याउने कार्य पनि हो। त्यसैले नेपालको संविधानले सुनिश्चित गरेको बहुदलीय प्रणाली, विचारको स्वतन्त्रता र प्रतिस्पर्धात्मक राजनीतिको अभ्यासलाई सबल बनाउन, विद्यादेवी भण्डारीलाई पनि समान सम्मान र स्वतन्त्रता दिनु अपरिहार्य छ ।

नेपालको मात्रै नभएर अन्यत्रको अभ्यासले पनि सहज र सकारात्मक पाटोकै रूपमा देखाउँछ । अन्तर्राष्ट्रिय दृष्टान्त हेर्दा अमेरिकाका राष्ट्रपति बाराक ओबामाको सामान्य जीवनशैलीलाई पनि लिन सकिन्छ । अमेरिकाका र्पवराष्ट्रपति बाराक ओबामाको जीवनशैलीले यस सन्देशलाई स्पष्ट पार्छ कि उच्च पद धारण गरेपछि पनि व्यक्ति सामान्य नागरिकको र्भमिकामा फर्किन सक्छन्। राष्ट्रपति पदमा दुई कार्यकाल र्परा गरेपछि ओबामा आफ्नै निवासमा सामान्य जीवन बिताइरहेका छन् । उनी लेखन, सार्वजनिक वक्तृत्व र सामाजिक अभियन्ताका रुपमा सक्रिय छन्, तर कुनै औपचारिक सरकारी पदमा छैनन् । र उनलाई कसैले पनि रोकटोक गरेको हुँदैन पनि । उनी आफ्नो विचार अभिव्यक्त गर्छन्, विश्वका विभिन्न कार्यक्रममा सहभागी हुन्छन्, र आवश्यकता परे अमेरिकी राजनीतिमा टिप्पणी वा सुझाव दिन्छन् । ओबामाको उदाहरणले देखाउँछ कि र्पवराष्ट्रपतिले पनि संविधानले दिएको स्वतन्त्रता र अधिकार प्रयोग गर्दै सामान्य नागरिकझैं स्वतन्त्र जीवन जिउन सक्छन्, जसरी विद्यादेवी भण्डारी पनि नेपालमा गर्न सक्षम हुनुपर्छ ।

कुनै समय केपी शर्मा ओलीले नै ल्याएको प्रस्तावलाई समर्थन् गर्दा त्यो समय विवादमा भने पर्नुभएको थियो । विद्यादेवी भण्डारी राष्ट्रपति रहेको समयमा भएको संसद विघटनको घटनादेखि राजनीतिक ध्रुवीकरणसम्म उहाँले निभाएको र्भमिकालाई लिएर आलोचकहरुले प्रश्न उठाइएका थिए । तर, राजनीतिक गल्ती र विचारको भिन्नतालाई आधार बनाएर कुनै व्यक्तिलाई संविधानले दिएको अधिकार खोस्नु अनुचित मात्र होइन, खतरनाक पनि हो।

आलोचना र बहसको अधिकार सबैलाई छ, तर कानुनी रुपमा उनीमाथि प्रतिबन्ध लगाउने अधिकार कसैलाई छैन । यदि उनी पुनः राजनीतिमा फर्किन्छिन् भने जनताले लोकतान्त्रिक प्रक्रियामा उनलाई समर्थन वा अस्वीकार गर्ने निर्णय गर्न सक्छन्, तर त्यसलाई सीमित गर्ने अधिकार कुनै निकाय वा व्यक्तिलाई छैन । विद्यादेवी भण्डारीका लागि कानुनी सुरक्षा पनि रहन्छ । नेपालको संविधान मात्र नभई विभिन्न कानुनी दस्तावेजहरुले पनि विद्यादेवी भण्डारीजस्ता र्पवराष्ट्रपतिहरुको अधिकारको रक्षा गर्छन्। र्पवराष्ट्रपति ऐन २०७४ ले उनीहरुलाई आर्थिक सुविधा र सुरक्षाको व्यवस्था मात्र गरेको छैन, नागरिकको रुपमा स्वतन्त्र र सुरक्षित जीवन बिताउने अधिकार पनि सुनिश्चित गरेको छ। यसले उनीहरुको राजनीतिक स्वतन्त्रतालाई सीमित गर्दैन । यसैले, कानुनी दृष्टिले पनि विद्यादेवी भण्डारीलाई राजनीतिमा फर्कन वा आफ्नो विचार राख्न कुनै अवरोध छैन।

विद्यादेवी भण्डारी अब र्पवराष्ट्रपति भएर सामान्य नागरिकको र्भमिकामा फर्किएकी छन्। संविधानले स्पष्ट रुपमा प्रत्येक नागरिकलाई अभिव्यक्ति, संगठन र राजनीतिक सहभागिताको अधिकार प्रदान गरेको छ। त्यसैले उनी चाहन्छिन् भने राजनीतिक रुपमा सक्रिय हुनु, विचार राख्नु वा चुनावमा प्रतिस्पर्धा गर्नु र्पण रुपमा वैधानिक र न्यायसंगत छ। नेपाल जस्तो लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा राजनीतिक स्वतन्त्रता खोस्नु संविधानको उल्लंघन मात्र होइन, लोकतन्त्रकै आत्मालाई कमजोर पार्ने काम हुनेछ । अमेरिकाका बाराक ओबामाले देखाएको जस्तै, उच्च पदमा पुगेको व्यक्तिले सामान्य जीवन जिउनु र आफ्नो विचार राख्न पाउनु स्वस्थ लोकतान्त्रिक संस्कृतिको परिचायक हो । नेपालमा पनि विद्यादेवी भण्डारीलाई संविधानले दिएको समान अधिकार र स्वतन्त्रताको सम्मान हुनु लोकतान्त्रिक अभ्यासको अनिवार्य शर्त हो । त्यसैले संविधान तथा कानुनहरूले पनि रोक्ने र प्रतिबन्ध लगाउने आँट नगरेको अवस्थामा कसैको निहित स्वार्थ र डर अनुसार रोकिनु कदापी हुदैन । विश्वले नै कल्पना नगरेको प्रतिबन्धको अवस्था नेपालमा ल्याएर प्रयोगमा ल्याईनु न्याय संगत हुँदैन ।

कुनै पनि राजनैतिक पार्टीको आन्तरीक प्रतिस्पर्धाको ढोका बन्द गरियो भने पार्टी अब्बल हुने भन्ने हुँदैन । अहिलेको अवस्थामा एमालेमा अध्यक्ष केपी शर्मा ओली बाहेक अरू कसैले देखेकै छैन । यदी कसैले अध्यक्षमा दावेदारी गर्छ वा अध्यक्षले भन्दा फरक मत राखेमा उसको राजनैतिक करिअर नै सकिन्छ भन्ने मान्यता बोकेर हिडेका एमाले जनका लागि पनि विद्यादेवी भण्डारीको पुनः आगमनले सहयोग नै गर्ने छ । त्यसैले आन्तरीक प्रतिस्पर्धा र हेपिएका तथा पेलिएका हौं भन्नेहरूको नेतृत्व गर्दै पार्टीमा आन्तरीक लोकतन्त्र कायम गर्नका लागि विद्या जस्ता नेतृत्वमा आउनु जरूरी नै हो । होइन भने आगामी १० वर्षको अवधिमा एमाले र राप्रपा उस्तै उस्तै पार्टी बन्ने छैनन् भन्न सकिदैन ।

## स्याउ......

गरी फल टिप्ने झोलामा हल्कासँग राख्नु पर्दछ ।

- झोला अलि भरिएपछि विस्तारै प्लाष्टिक क्रेटमा खन्याउनु पर्दछ । प्लाष्टिक क्रेटमा फल खन्याउनु अगाडी कागज अथवा प्लाष्टिकको लाईनिङ्ग दिनु राम्रो हुन्छ ।
- हात नपुग्ने ठाउँमा फल टिप्ने भर्याङ्ग प्रयोग गर्नु पर्दछ वा फल टिप्ने पोलको प्रयोग गर्नु पर्छ ।
- सबै स्याउ फल एकै पटक परिपक्व नहुने भएकोले परिपक्व भए अनुसारको समय मिलाई लट-लटगरी फल टिप्नु पर्दछ ।
- फल टिप्दा चर्को घामको बेलामा नटिपी बिहानी शीत ओभाई सकेपछि र दिउँसो मध्यान्हको समयमा टिप्नु पर्दछ । पानी परेको बेलामा फल टिप्ने कार्य गर्नु हुँदैन ।
- टिपेका फललाई घाममा नराखी रूखको छहारी मुनी अथवा छहारीको लागि मात्र साधारण टहरा बनाई फल टिपेका क्रेटहरू सोही ठाउँमा जम्मा गरी राख्नु पर्दछ ।
- चोटपटक लागेका स्याउलाई देख्ने बित्तिकै अलग्गै छुट्टयाई राख्नु पर्दछ ।
- टिपेका फललाई यताउता सार्दा, ढुवानी गर्दा, खन्याउँदा जति सक्यो उति जतन पुऱ्याई कार्य गर्नु पर्दछ ।
- टिपेका स्याउलाई जति सक्यो उति चाँडो ठण्डा कोठामा राखी त्यसपछि मात्र सेलार स्टोर वा कोल्ड स्टोरमा भण्डारण गर्नु पर्दछ । भण्डारण कोठामा लैजानु भन्दा अगाडी ठण्डा कोठामा अन्तिम फल छाँट्ने कार्य गरि सक्नु पर्दछ ।





नेपालमा व्यावसायिक उत्पादनमा आएका स्याउका बोटहरूले औसत ३० देखि ४० के.जी प्रति बोट उत्पादन दिन्छ भने राम्रो स्याहार सम्भार पुऱ्याएका बगैंचाका बोटहरूले औसत ८० देखि १०० के.जी. प्रति वोटसम्म उत्पादन दिएको रेकर्ड पाईन्छ ।

स्याउ फल छान्ने

उत्पादित स्याउ फल टिपी सकेपछि काम लाग्ने र नलाग्ने फलहरू छान्नु पर्दछ । काम नलाग्ने भन्नाले रोग कीरा लागेका, फलको आकार नमिलेका, साह्रै सानो साइजका, चोटपटक लागेका फलहरू भन्ने बुझ्नु पर्दछ । सकेसम्म स्याउ फललाई भण्डारण क्षमता बढाउन हातैले मिचेर फल धुनु वा पुछ्नु हुँदैन । यसले फलमा भएको प्राकृतिक मैन पुछिने हुँदा यसको भण्डारण क्षमता घट्दछ ।

फल छान्दा स्याउको ऐच्छिक गुणस्तर यस प्रकार हुनु पर्दछ

- फल ताजा र खँदिलो, सुख्खा र सफा भएको हुनु पर्दछ ।
- दुरूस्त-नफुटेको वा नथिचिएको हुनु पर्दछ ।
- कीरा वा अन्य शत्रु जीवहरूले नबिगारेको हुनु पर्दछ ।
- एकदमै नकुहिएको हुनु पर्दछ ।
- स्याउ फलको आकार एकै खालको र जात अनुसारको हुनु पर्दछ ।
- प्याकमा (प्रत्येक प्याकमा एउटा मात्र रंगको अवस्थालाई अनुमति दिईएकोछ) एकै खालका रंग हुनै पर्दछ ।
- फलमा भेट्नो भएको हुनु पर्दछ ।
- त्यसमा कुनै पनि बाहिरी पदार्थ जस्तै मल, कम्पोष्ट, ढुङ्गाहरू, पातहरू, काम नलाग्ने झारपात, माटोको टुक्रा, काठ, प्लाष्टिक वा धातु हुनु हुँदैन ।
- अवाञ्छित बास्ना वा स्वाद नभएको हुनु पर्दछ ।
- उही ग्रेड, जात र रंगका स्याउ एउटा प्याकेजमा प्याक गरिनु पर्दछ ।

त्यस पश्चात स्याउलाई ग्रेडिङ्ग गर्ने प्याकेजिङ्ग गर्ने र सुरक्षित ढुवानी गरी बजारीकरण गर्ने कार्य गर्नु पर्दछ ।

ब ज ा र विकास/ब्यवस्थापनका लागि गर्नुपर्ने प्रमुख कार्यहरू (बाली उत्पादन गर्दा)

✍ भौगोलिक क्षेत्र र हावापानी अनुसार सिफारिस गरिएका स्याउका जातहरू मात्र लगाउने ।

✍ स्याउको उत्पादन योजना बनाई उत्पादन गर्नु पर्ने ।

✍ कृषकहरूमा खर्च र आम्दानीको रेकर्ड राख्ने गर्नु पर्ने ।

✍ सामुहिक खेती प्रणालीको विकास हुनु पर्ने ।

✍ अरूको बिगतको देखासिकीको भरमा मात्र नपरी कुन जात कुन हावापानीमा हुन्छ विचार गरेरमात्र लगाउने ।

✍ सिफारिस गरिएका प्रविधिहरू आधिकारिक बिज्ञहरूको प्रत्यक्ष निगरानी र सिफारिसका आधारमा प्रयोग गर्ने ।

बाली कटानी र बजारसम्म आईपुग्दा

- बाली कसरी, कहिले र कुन बजारको लागि टिप्ने सो बारेमा कृषकहरूलाई तालिम उपलब्ध गराउनु पर्ने ।
- ग्रेडिङ, प्याकेजिङ, भण्डारण सम्बन्धि तालिम अध्यन भ्रमण आदिको ब्यवस्था र प्रयोगको लागि प्रेरणा र अनुदानको ब्यवस्था हुनु पर्ने ।
- आधुनिक ढुवानी सामाग्रीको प्रयोग सम्बन्धि तालिम अध्यन, भ्रमण र सामाग्रीको प्रयोगको लागि अनुदान ।
- उत्पादन पकेटसम्म सडकको ब्यवस्था हुनु पर्ने ।
- आधुनिक ढुवानी सामाग्री जस्तै वातानुकुलित एवं मल्टिचेम्बर ट्रक खरिदमा भन्सार छुटको ब्यवस्था हुनु पर्ने ।
- फलफूल तथा तरकारी जस्ता अधिक नासवान वस्तुहरू बोकी हिड्ने सवारी साधनलाई उच्च प्राथमिकताका साथ आवत जावत र बजार प्रवेश गर्न पाउने नीतिगत ब्यवस्था मिलाउनु पर्ने ।
- अनाधिकृत उठाईने कर/दस्तुरहरूको अनुगमन र नियन्त्रण हुनु पर्ने ।

बजार संग सम्बन्धित

कृषि बजार (तरकारी तथा फलफूल) ब्यवस्थापन एवं संचालन सम्बन्धि राष्ट्रिय स्तरको ऐन कानुन निर्माण गरी लागु गरिनु पर्ने ।

कृषकहरूलाई पायक पर्ने ठाउंमा संकलन र बजार केन्लद्रको स्थापना हुनु पर्ने ।

बजार केन्द्र भित्र सबै प्रकारका भौतिक पर्वाधार र सुविधाहरू उपलब्ध हुनु पर्ने ।

सवारी आवागमन हुने स्थानमा बजारको निर्माण हुनु पर्ने, जनघनत्वलाई ध्यान दिनु पर्ने। बजारमा ढल निकास लगायत सरसफाईको पर्ण ब्यवस्था गरिनु पर्ने ।

बजारको विकास गर्दा बजारहरूको वस्तुस्थिति र आवश्यकताको आधारमा बजार योजना बनाई कार्यान्वयन गरिनु पर्ने ।

उत्पादक कृषकको तहबाट नै तालिम र प्रविधि उपलब्घ गराई ग्रेडिङ तथा प्याकेजिङ सम्बन्धि प्रविधि र वस्तुहरूमा अनुदान र प्रोत्साहनको ब्यवस्था हुनु पर्ने ।

*लेखक शीतोष्ण बागवानी विकास केन्द्र मार्फा, मुस्ताङ्गका प्रमुख हुनुहुन्छ*




## नौ सय ......

छनौट गर्न वडा, पालिका सँग समन्वय, समुदाय भेला, अभिमुखखिकरण गरी लाभान्वित पालिकाको समन्वयमा गरिएको र पालिकाले कार्यक्रमलाई अपनत्व लिदै भावि दिनमा



छनौटका आधारमा धरधुरी तथा लाभान्वित छनौट गने गरेको नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेश अध्यक्ष सूर्यप्रसाद ढकालले जानकारी दिनुभयो ।

जीविकोपार्जन कार्यक्रम र लाभग्राहीहरूलाई सक्षम बनाउन अनुगमनमा वडा सदस्यहरूको सहभागिता रहेको थियो भने तीन यसको दिगोपनाको लागि ध्यान दिइएको समेत गाउँपालिकाले जनाएको छ । त्यस्तै लाभान्वित छनौट प्रक्रियामा समुदाय भेला गराई समुदायबाट नै छनौट प्रक्रिया सहज भएको तथा कृषि योग्य भूँमिको सदुपयोगले कृषि जीवन, ब्यापार र रोजगारीका अवसरहरूको सृजना गर्न सकिने



वटा विभिन्न विकास बैंकहरूले लाभग्राहीहरूको घरमै पुगेर बैंक खाता खोली दिएका थिए । त्यस्तै थप आय आर्जनका लागि प्रधानमन्त्रीसँग स्वरोजगार कार्यक्रममालाभग्राही संलग्न गराइएको थियो । पशु स्वास्थ्य शिविरका लागि गाउँपालिका सँगको सहकार्य भएको थियो भने पालिकाद्वारा किबि तथा अन्य किसानहरूलाई नगद प्रवाह तथा प्राविधिक सहयोग गरेको समेत गाउँपालिका अध्यक्ष भण्डारीको भनाई थियो ।

उक्त कार्यक्रमको क्रममा वडा, पालिका, समुदाय तथा जिल्ला स्तरिय सरोकारवाला निकायहरूसँगको समन्वयमा कार्यक्रम संचालन भएको थियो । त्यस्तै प्रस्तावना लेखन तथा कार्यक्रम ढाँचा तयार पार्दा वडा तथा जस्ता कार्यले पनि फाइदा पुगेको थियो । मनोरम पर्यटकीय स्थल र पदयात्रा गन्तब्यका साथै प्राकृतिक सौन्दर्यलाई पनि पर्यटनसँग सम्बन्धित ब्यवसायका लागि प्रयोग गर्न सकिने भएकाले पनि स्थानीयलाई आयआर्जनमा जोड्न निकै उपयोगी भएको रेडक्र सोसाइटी म्याग्दीका देवनारायण पौडेलले जानकारी दिनुभएको थियो । स्थानिय समुदायसँग भएको परम्परागत सीप र ज्ञानको प्रयोग गरि हस्तकला वा सांस्कृतिक अनुभवहरू जस्ता बजारयोग्य उत्पादन वा सेवाहरूम रूपान्तरण गर्न सकिने सम्भावनाको पहिचान गरी यसमा अगाडी बढिएको उहाँको भनाइ थियो ।

बहिर्गमन कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयकी निर्देशक पुजा कोइराला, गण्डकी प्रदेश अध्यक्ष सूर्यप्रसाद ढकाल, रघुगंगा गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बोल्नु भएको थियो । देवनारायण पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रमको अध्यक्षता रेडक्रस सोसाइटी म्याग्दीका सभापति अमर बहादुर बानियाँले गर्नुभएको थियो भने उपसभापति कासीराम रेग्मीले स्वागत गर्नुभएको थियो । उक्त कार्यक्रममा कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिब बाँस्तोला, डिभिजन वन कार्यालयका प्रमुख विष्णु प्रसाद घिमिरे, रघुगंगा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका भोला शर्मा लगायतको सहभागिता रहेको थियो ।




महिलाहरुको महाना चाड हरितालिका तीजको अवसरमा द मुनसन युवा क्लब चुत्रेनीले आयोजना गरेको महिला फुटबल प्रतियोगितामा प्रीतस्पर्धा गर्दै कालिपुल युनाइटेड र बागलुङ स्पोर्ट क्लबका खेलाडीहरु । यो खेलमा बागलुङ बिजयी भएको थियो । तस्बीर: *म्याग्दी नेपाल साप्ताहिक*







लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी